नेपालको पहिलो बैंक · नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

स्थापित वि.सं. १९९४

## सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा, ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

**(मिति २०८२/१०/०१ देखी २०८२/१२/३० सम्मको विवरण)**

(१) **निकायको स्वरुप र प्रकृति:** प्रचलित कानून बमोजिम स्थापना भएको "क" वर्गको बाणिज्य बैंक ।

(२) **निकायको काम, कर्तव्य र अधिकार:** बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३, मा व्यवस्था भए बमोजिम ।

(३) **निकायमा रहने कर्मचारी संख्या र विवरण:**
यस बैंकमा मिति २०८२ चैत्र मसान्त सम्म स्थायी कर्मचारी २३५२, करार कर्मचारी ३३७, दैनिक ज्यालादारी १२, कम्पनी आउटसोर्सिङ्ग ९७८ जना गरी कूल ३६७९ जना कर्मचारीहरु तथा ब्यक्तिहरु कार्यरत छन । बैंकको संगठनात्मक ढाँचा अनुसार नै बैंकको सम्पूर्ण काम कारबाही भैरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण बैंकको वेबसाईट www.nepalbank.com.np मा समेत राखिएको छ ।

(४) **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने भनि तोकिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा संख्या २३१, एक्सटेन्सन काउण्टर संख्या ६१, एटिएम संख्या २४६, ७ प्रादेशिक कार्यालय र १ प्रधान कार्यालय रहेको छ । बैंकका व्यवस्थापकीय र कार्यकारी पदमा कार्यरत जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ । बैंकले देशका ७१ जिल्लामा शाखाहरु मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

(६) **सेवा प्राप्तगर्न लाग्ने दस्तुर र अवधि:**
बैंकले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण बैंकको वेभसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ ।

(७) **निर्णयगर्ने प्रक्रिया र अधिकारी:**
बैंकिंङ्ग कारोबारका सम्बन्धमा प्रचलित ऐन, कानून नीति, नियम, विनियम, निर्देशिका कार्यविधि तथा बैंकको संचालक समितिबाट समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख कार्यकारी अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त तोकिएका अधिकारीहरुले निर्णय गर्नसक्ने व्यवस्था गरिएको छ । बैंकको नीतिगत निर्णय लिने, व्यवस्थापनलाई आवश्यक मार्गदर्शन दिने र व्यवस्थापनको काम कारबाहीलाई निरन्तर अनुगमन एवं नियन्त्रणगर्ने काम संचालक समितिले गर्ने गर्दछ ।

(८) **निर्णयउपर उजुरी सुन्ने अधिकारी:**
बैंकको काम कारबाही सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि बैंकको प्रधान कार्यालय स्तरमा गुनासो सुन्ने अधिकारीको रुपमा बैंकको व्यवस्थापकीय तहकै सहायक प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरिएको छ । निजको विवरण बैंकको वेभसाइट www.nepalbank.com.np मा समेत राखिएको छ ।

(९) **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त वाणिज्य बैंकले गर्नसक्ने सम्पूर्ण बैकिङ्ग कारोवारहरु बैंकले गर्दै आईरहेको छ । बैंकले गर्ने गरेका प्रमुख कार्यहरु सम्बन्धि जानकारी बिभिन्न संचारमाध्यमहरु, बैंकको वेबसाईट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरिएको छ ।

(१०) **बैंकको प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारीको नाम र पद:**

| | | |
|---|---|---|
| प्रमुख कार्यकारी अधिकृतको नाम | : | **तिलक राज पाण्डेय** |
| पद | : | प्रमुख कार्यकारी अधिकृत |
| सूचना अधिकारी/प्रवक्ताको नाम | : | **प्रतिभा डंगोल** |
| पद | : | सहायक प्रमुख कार्यकारी अधिकृत |
| सम्पर्क नम्बर | : | ५३३१३८३, ५३४७९९९ एक्स्टेन्सन ५२६ |
| ईमेल ठेगाना | : | prativa.dongol@nepalbank.com.np |

(११) **ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची:**

बैंकले बैंकिङ्ग कारोबारसंग सम्वन्धित देहाय वमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरुको परिपालना गर्नु का साथै अन्य प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरुको पालना गर्दछ ।

| | | | |
|---|---|---|---|
| १. | बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | २. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ |
| ३. | कम्पनी ऐन, २०६३ | ४. | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ |
| ५. | विदेशी विनिमय (नियमितगर्ने) ऐन, २०१९ | ६. | बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ |
| ७. | विनिमय अधिकार पत्र ऐन, २०३४ | ८. | सुरक्षित कारोवार ऐन, २०६३ |
| ९. | बैंक तथा बित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | १०. | नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशिका तथा निर्देशनहरु । |
| ११. | बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका, कार्यविधि, नीतिगत व्यवस्था लगायत अन्य प्रचलित ऐन, नियमहरु । | | |

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण:**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशनगर्ने गरिएको र बैंकको वेभसाइट www.nepalbank.com.np मा समेत राख्ने गरिएको छ ।

(१३) **तोकिए बमोजिमको अन्य विवरण :**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै बैंकको वेभसाइट www.nepalbank.com.np मा समेत राखिएको छ ।

(१४) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**

यस बैंकले आन्तरिक रुपमा समय समयमा विभिन्न प्रकारका बैंकसंग सम्वन्धित कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

(१५) **सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:**

बैंकसँग सम्बन्धित संक्षिप्त विवरण एवम् सूचनाहरु जानकारी गराउनको लागी बैंकको आफ्नै वेभसाइट **www.nepalbank.com.np** रहेको छ ।

(१६) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:** यस अबधिमा वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राबिधिक सहयोग सँग सम्बन्धित कूनैपनि सम्झौता नभएको ।

(१७) **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**

प्रचलित बैंक तथा वित्तयि संस्था सम्बन्धि ऐनको अधिनमा रही बैंकले सञ्चालन गर्ने गरेको कार्यक्रमको जानकारी बैंकले पत्रपत्रिका, बैंकको वेभसाईट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरेको छ ।

(१८) **सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**

बैंकका सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क, एवं आवश्यक दस्तावेजहरु बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, नियम तथा प्रचलित कानून बमोजिम सुरक्षित राख्ने गरिएको छ ।

(१९) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

ग्राहक एवं सरोकारवाला व्यक्तिले बैंकसंग सार्वजनिक महत्वका कुनै सूचना माग गरेमा बैंकको नियमअनुसार सूचना उपलब्ध गराउने गरिएको छ ।

(२०) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण:**

बैंकको वार्षिक साधारण सभाको प्रतिवेदन, साधारण सभामा प्रस्तुतगरिने त्रैमासिक वित्तीय विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा राख्ने गरिएको छ ।